# श्री सार्वजनिक नमुना माध्यमिक विद्यालय

(कृषि विज्ञान तथा विशेष शिक्षा)

मिथिला नगरपालिका-९, बेंगाडावर

धनुषा (नेपाल)

स्था. २०२१

प.सं. : २०८१/०८२

च.नं. : ६६४

मिति :२०८२।०३।२३

**बिषय : बडहरी बजारको ठेक्काको सूचना दोस्रो पटक प्रकाशित गरिएको बारे।**

प्रस्तुत विषयमा श्री सार्वजनिक नमुना मा.वि. को स्वामित्वमा रहेको जि. धनुषा (साविकको गा.वि.स. बेंगाडावर वडा नं. ६) को बडहरी बजार आ.व. २०८२/०८३ को लागि गोप्य सिलबन्दी बोलकबोल प्रक्रिया मार्फत दोस्रो पटक ठेक्का लगाउन सूचना प्रकाशित गरिएकोमा तपसिलमा उल्लेख गरिए बमोजिमका शर्तहरुको अधिनमा रही दोस्रो पटक मिति २०८२।०३।२९ गते आइतवार दिनको २ बजे भित्र गोप्य बोलकबोल सिलबन्दी निवेदन पत्र यस विद्यालय, मिथिला न.पा. वडा नं. ९, अस्थायी प्रहरी चौकी बडहरी वा मिथिला न.पा. कार्यालयमा दर्ता गराई मिति २०८१ साल असार २९ गते आइतवार दिनको ३ बजे विद्यालयमा हुने बजार ठेक्का प्रक्रिया कार्यक्रममा सामेल हुन इच्छुक बडहरी बजारका विगतका ठेकेदार तथा सर्वसाधरणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ।

शर्तहरु :

१. बजार ठेक्काको अवधि २०८२ साउन १ गतेदेखि २०८३ असार मसान्त सम्म कायम रहनेछ।

२. बजार ठेक्काको न्यूतम रकम रु.१४,१०,०५५। (रू.चौध लाख दश हजार पचपन्न मात्र) रहने छ।

३. बजार ठेक्काको गोप्य सिलवन्दी बोलकबोल प्रक्रियामा भाग लिन चाहने व्यक्तिहरुले आफूले बोलपत्रमा सकार गरेको ठेक्का रकमको १०% रकम यस श्री सार्वजानिक मा.वि. बेगाडावरको कृषि विकास बैक लि. ढल्केवर धनुषा च.ख.नं. १००५३०११९५०५००११ मा रकम जम्मा गरेको सक्कल भौचर सहित ठेक्का बोलपत्र गोप्य सिलबन्दी निवेदन पेश गनुपर्ने छ।

४. बजार व्यवस्थापन समितिले तय गरेको बट्टी रकमको दर भाउको सुची विद्यालयबाट उपलब्ध गराईनेछ।

५. ठेक्काको सम्पूर्ण रकम एकमुष्ठ दाखिला गरी चलान पुर्जी लिन चाहेमा ठेक्का रकमको २०% रकम छुट गरिनेछ, साथै ठेक्का रकम वार्षिक वा त्रैमाषिक (कुल रकमलाई चार भागमा विभाजन गरी तीन महीनामा बुझाउने चार किस्ता) रुपमा उल्लेखित समय अवधि सुरु हुनु भन्दा १५ दिन अगावै विद्यालयको खातामा जम्मा गरी विद्यालयबाट भोग चलन पुर्जी लिनुपर्नेछ, अन्यथा बजार ठेक्का रद्ध गरिनेछ।

६. किस्ताबन्दीमा ठेक्का लिने व्यक्तिले असार मसान्तभित्रमा पहिलो किस्ता रकम विद्यालयको खातामा जम्मा गरी भोग चलनपुर्जी लिनुपर्नेछ।

७. ठेक्का प्राप्त नगरेका व्यक्तिहरुको धरौटी रकम बजार ठेक्का लागेको भोलीपल्ट फिर्ता गरिनेछ।

८. बजार ठेक्का सकार गर्ने ठेकेदारले किस्ताबन्दीमा जान चाहेमा सालभरीको ठेक्का रकम बराबरको धनजमानी, बैक ग्यारेन्टी वा विद्यालयको नाममा ठेकेदारको अचल सम्पत्ति रोक्का राखेको हुनुपर्ने छ। उक्त अचल सम्पत्तिको स्वामित्व फिर्ता वा रोक्का फुकुवा आर्थिक वर्षको अन्त्यमा ठेक्का रकम फछ्र्यौट भइसकेपछि गरिनेछ।

९. ठेक्का साकार गर्ने ठेकेदारसँग ठेक्का सम्झौता गर्दा सार्वजानिक खरिद ऐन तथा नियमावली र विद्यालयको निर्णयहरुको आधारमा तोकिएको नियम र शर्तहरु पालना गर्ने गराउने सर्तमा ठेक्का सम्झौता गरिनेछ।

१०. धरौटी वापतको रकम अन्तिम किस्तामा मिलान गरिनेछ।

११. बजार व्यवस्थापन समितिले तय गरेको वट्टी रकमको दर भाउको सूची विद्यालयबाट उपलब्ध गराइनेछ।

१२. उल्लेखित सर्त अनुसार २०८२ असार २९ गते आइतवार दिनको २ बजे भित्र बोलकबोल सिलबन्दी पत्र यस विद्यालय, मिथिला न.पा.वडा नं.९, अस्थायी प्रहरी चौकी बडहरी वा मिथिला न.पा. कार्यलयमा दर्ता गर्न सकिनेछ।

१३. दर्ता भएका शिलबन्दी बोलकबोल पत्र यसै विद्यालयको कार्यलयमा मिति २०८२।०३।२९ गते आइतवार दिनको ३ बजे खोलिनेछ।

१४. थप जानकारीका लागी विद्यालयमा सम्पर्क राख्न सकिनेछ।

प्रधानाध्यापक
बिश्वनाथ महतो
श्री सा.मा.वि. बेगाडावर